## सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### साब्लाखु, ताप्लेजुङ

### १ नं. प्रदेश, नेपाल

## कोभिड १९ को प्रकोप रोकथाम तथा नियन्त्रणको लागि स्विकृत संगठन संरचना

**गाउँ कार्यपालिका**
दिर्घकालिन नीति, रणनिति तर्जुमा, आबश्यक बजेट ब्यबस्थपान

**स्थानीय संकट ब्यबस्थापन केन्द्र**
द्रुत गतीमा निर्णय गर्ने, आदेश दिने, रणनिति तर्जुमा गर्ने

- गाउँपालिका अध्यक्ष - संयोजक
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- स्वास्थ्य संयोजक - सदस्य
- प्रहरी चौकी प्रमुख - सदस्य

उपचारात्मक कार्य

**कोभिड १९ अस्थायी अस्पताल**

- मेडिकल अफिसर - १
- स्टाफ नर्स - २
- का.स. - १

नियन्त्रणात्मक कार्य

**कोभिड नियन्त्रण कक्ष**

- स्वास्थ्य संयोजक - १
- सूचना प्रविधि अधिकृत - १
- स्वास्थ्य उप-संयोजक - १
- अ.न.मि. - १
- अ.हे.ब. - १
- ल्याब असिस्टेन्ट - १
- का.स. - २

प्रवर्द्नात्मक कार्य

**वडा कार्यालय (७ वटा)**

**वडा निगरानी समुह (७*९=६३ वटा)**

प्रचार, प्रसार
तथ्यांक संकलन
निरिक्षण

- वडा सदस्य - संयोजक
- शिक्षक - सदस्य
- बुद्दिजिवि - सदस्य
- समुह/संघ संस्था प्रतिनिधि - सदस्य
- महिला स्वास्थ्य स्वयंसेविका - सदस्य

प्रवर्द्नात्मक कार्य

**स्वास्थ्य चौकी (७ वटा)**

**महिला स्वास्थ्य स्वयंसेविका (१०६ जना)**

प्रचार, प्रसार
तथ्यांक संकलन
निरिक्षण

एम्बुलेन्स चालक

## कोभिड १९ (दोश्रो लहर) को रोकथाम तथा नियन्त्रणको गाउँ कार्यपालिकाको बैठक संख्या ८६-१६-२०७७।०७८ मिति २०७८।०३।०३-०४ को निर्णयानुसार स्विकृत संगठन संरचनाहरुको जिम्मेवारी, दायित्व तथा कार्यक्षेत्रगत शर्त (TOR)

**कार्यपालिकाको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) – निति, कार्ययोजना निर्माण, बजेट बिनियोजन**

- कार्यपालिकाको बैठक आबश्यकता अनुसार जुनसुकै बेला पनि बस्नेछ।
- स्थानीय संकट ब्यबस्थापन केन्द्र, वडा कार्यालयहरुको प्रतिवेदनको आधारमा कोभिड संग संबन्धित निति, रणनिति, कार्ययोजना तर्जुमा गर्नेछ।
- कोभिड १९ रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको लागि आबश्यक बजेटको ब्बबस्था गर्नेछ।

**स्थानीय संकट ब्यबस्थापन केन्द्रको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) – रोकथाम, नियन्त्रण र उपचारमा समन्वय**

- कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजिकरण र अनुगमन गर्ने।
- औषधि उपकरण तथा स्वास्थ्य सामाग्री लगायत आबश्यक वस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन गर्ने
- आबश्यक पर्ने जनशक्तिको ब्यवस्थापन गर्ने।
- मापदण्ड अनुसारको क्वारेन्टाइन/आइसोलेसनको निर्माण तथा व्यवस्थापन गर्ने।
- पालिकाभित्र विदेश तथा अन्यत्रबाट आएका व्यक्तिहरुको विवरण तयार गरी ट्र्‍याकिङ, ट्रेसिङ र मोनिटरिङ गर्ने र विदेशबाट र नेपाल भित्रै प्रभावित क्षेत्रबाट आएकाहरुलाई अनिवार्य रुपमा होम आइसोलेसनमा राख्ने।
- पालिकाभित्र कोभिड १९ को लक्षणहरु देखिएका व्यक्तिहरुको विवरण तयार गरी ट्र्‍याकिङ, ट्रेसिङ र मोनिटरिङ गर्ने र अस्पताल लैजाने ब्यबस्था गर्ने।
- स्थानीय तहमा रहेको एम्बुलेन्स आबश्यकता अनुसार परिचालन गर्ने।
- स्थानीय स्तरबाट सूचना संकलन गरी राष्ट्रिय आपतकालिन सूचना केन्द्र र स्वास्थ्य आपतकालिन सूचना केन्द्र मार्फत COVID 19 Crisis Management Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने।
- आबश्यकता अनुसार स्थानीय स्वयंसेवकहरु परिचालन गरी रोकथाम र नियन्त्रण तथा उपचारका सहयोग र सहजीकरण गर्ने।

- स्थानीय बजारका खाद्यान्न लगायतका अत्याबश्यक सामाग्रीको विक्री वितरण गर्दा मास्क, स्यानिटाइज, साबूनपानीको व्यवस्था तथा सामाजिक दूरी (एक आपसमा कम्तिमा ३ फिट) कायम राख्न लगाउने र राखेको यकिन गर्ने ।
- कोभिड कन्ट्रोल रुम, वडा कार्यालय, स्वास्थ्य चौकीबाट प्राप्त प्रतिवेदनको आधारमा आबश्यक निति, रणनिति तथ कार्यायोजना निर्माण र आबश्यक बजेट बिनियोजन बिनियोजनको लागि कार्यपालिका समक्ष पेश गर्ने

**स्थानीय संकट ब्यबस्थापन केन्द्रको सचिवालयमा कार्यरत कर्मचारीहरुको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)**

- अध्यक्ष ज्यूको आदेशानुसार बैठक आब्हान गर्ने
- मिटिङको माइन्युट तयार गर्ने
- निर्णयहरुको पत्राचार गर्ने
- सूचनाहरु प्रकाशित गर्ने
- स्वास्थ्य संयोजक ज्यूबाट प्राप्त प्रतिवेदन बैठकमा पेश गर्ने

**वडा कार्यालयको जिम्मेवारी – प्रवर्द्धनात्मक कार्यहरु**

- आफ्नो वडा भित्रका साविकका ९ वटै वडाहरुमा वडासदस्यको संयोजकत्वमा "५ सदस्यीय" वडा निगरानी समुह गठन गर्ने
- वडा निगरानी समुहमा शिक्षक, बुद्दिजिवी, समुह/संघ संस्थाका प्रतिनिधि र महिला स्वास्थ्य स्वयंसेविकालाई समेट्ने
- आफ्ना नागरिकहरुलाई कोरोना प्रकोप रोकथाम तथा नियन्त्रणबारे प्रचार प्रसार गर्ने
- बिबाह, ब्रतबन्ध, भोज, देवाली जस्ता भिडभाड हुने कृयाकलापहरु बन्द गर्ने गराउने, गरे/नगरेको निरिक्षण गर्ने
- बिदेशबाट आएका, प्रभावित क्षेत्रबाट आएका वा अन्यत्र क्षेत्रबाट आएका नागरिकहरुलाई होम आइसोलेसनमा बस्न लगाउने, बसे/नबसेको निरक्षण गर्ने
- संक्रमित ब्यक्तिहरुलाई होम आइसोलेसनमा बस्न लगाउने, बसे/नबसेको निरिक्षण गर्ने
- अन्य ब्यक्तिहरु तथा संक्रमित ब्यक्तिहरुबिचको भौतिक उपस्थितिमा हुने भेटघाट, संपर्कको माध्यम ब्लक गर्ने

**वडा निगरानी समुहको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) – प्रचार प्रसार, तथ्यांक संकलन, निरिक्षण**

- आफ्ना क्षेत्र भित्रका नागरिकहरुलाई कोरोना प्रकोप रोकथाम तथा नियन्त्रणबारे प्रचार प्रसार गर्ने
- गाउँपालिकाको सूचना, निर्देशन तथा जिल्ला प्रशासन कार्यालय, नेपाल सरकारको आदेश, निर्देशनको पालना तथा प्रचार प्रसार गर्ने, गराउने
- बिबाह, ब्रतबन्ध, भोज, देवाली जस्ता भिडभाड हुने कृयाकलापहरुमा सहभागी नहुने उक्त कृयाकलाप संचालन नगर्न अनुरोध गर्ने, संचालन हुन आटेको खबर पाए तुरन्त वडा कार्यालयमा जानकारी गराउने
- बिदेशबाट आएका, प्रभावित क्षेत्रबाट आएका वा अन्यत्र क्षेत्रबाट आएका नागरिकहरुलाई होम आइसोलेसनमा बस्न लगाउने, बसे/नबसेको निरक्षण गर्ने
- संक्रमित ब्यक्तिहरुलाई होम आइसोलेसनमा बस्न लगाउने, बसे/नबसेको निरिक्षण गर्ने
- अन्य ब्यक्तिहरु तथा संक्रमित ब्यक्तिहरुबिचको भौतिक उपस्थितिमा हुने भेटघाट, संपर्कको माध्यम ब्लक गर्ने
- आफ्नो क्षेत्रमा शंकास्पद लक्षण तथा चिन्ह देखिएमा तुरन्त स्वास्थ्य चौकी इन्चार्जलाई खबर गर्ने

**कोभिड १९ अस्थायी अस्पताको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) – उपचारात्मक कार्यहरु**

- संक्रमित ब्यक्तिहरुलाई घरमा नै आइसोलेसनमा बस्दा कुनै स्वास्थ्य संबन्धि समस्या भएमा तुरन्त अस्पताल सम्म ल्याएर उपचार शुरु गर्ने
- उपचार संभव नभए सुविधा सम्पन्न अस्पतालमा रिफर गर्ने

१. मेडिकल अफिसरको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- आफू मातहतका कर्मचारीहरुलाई कामकाजमा लगाउने
- भर्ना भएका संक्रमित ब्यक्तिहरुको स्वास्थ्य अवस्थाको जाँच गर्ने, रेकर्ड राख्ने
- उक्त रेकर्ड प्र.प्र.अ. समक्ष पेश गर्ने
- सिरियस बिरामीको हकमा सुविधासम्पन्न अस्पतालमा रिफर गर्ने

२. स्टाफ नर्सको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- बिरामीको भाइटल साइन लगायत आबश्यक तथ्यांकहरु टाइम-टाइममा लिने
- बिरामीको अवस्थाबारे मेडिकल अफिसरलाई अपडेट गर्ने

३. कार्यालय सहयोगीको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- अस्पताल, बेड, अफिस दैनिक रुपमा सफा गर्ने, निर्मलीकरण गर्ने
- बिरामीले प्रयोग गर्ने बेडको तन्ना, सिरानी खोल, सिरक खोल जस्ता सामाग्रीहरु दैनिक रुपमा सफा गर्ने
- आफू भन्दा माथिल्लो निकायमा कार्यरत कर्मचारीले अह्राए खटाएको काम गर्ने

**कोभिड कन्ट्रोल रुमको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) – नियन्त्रणात्मक कार्यहरु**

- कन्ट्रोल रुममा खटिने प्रत्येक कर्मचारीहरुलाई उच्च सावधानीको लागि आबश्यक पिपिइ, मास्क, स्यानिटाइजर ग्लोबसको ब्यबस्था गरिनेछ ।
- कन्ट्रोल रुममा खटिने कर्मचारीहरुलाई मासिक खाइपाई तलबको ५०% जोखिम भत्ता उपलब्ध गराइनेछ ।

१. स्वास्थ्य संयोजकको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- आफ्नो मातहतका कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरी काममा लगाउने
- मातहतका कर्मचारीहरुको कार्यसम्पादनको निगरानी तथा अनुगमन, निरिक्षण गर्ने
- मातहतका कर्मचारीहरुलाई काममा उत्प्रेरित गर्ने
- प्रमुख प्रशासकीय अधिकृत तथा स्थानीय संकट ब्यबस्थापन केन्द्र समक्ष प्रतिवेदन पेश गर्ने
- माथिल्लो निकायले दिएको जिम्मेवारी पुरा गर्ने
- संक्रमति ब्यक्तिहरुको दैनिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने
- कोभिड संग संबन्धित हाल सम्मको अवस्थाको प्रतिवेदन संबन्धित निकायहरुमा पेश गर्ने
- प्रतिवेदन पेश गर्नु अगाडी प्र.प्र.अ. समक्ष पेश गर्ने
- आबश्यक औषधिजन्य सामानहरु प्रचलित कानून बमोजिम खरिद गर्ने
- खरिद संग संबन्धित आबश्यक कागजात तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने\
- खरिद गरिएका सामाग्रिहरुको प्रतिवेदन (जम्मा प्राप्त परिमाण, मुल्य, खर्च गरेको परिमाण, बितरण गरेको भरपाई, मौजुदा अवस्था) प्रमुख प्रशासकीय अधिकृत तथा स्थानीय संकट ब्यबस्थापन केन्द्र समक्ष पेश गर्ने
- बिदेशबाट वा प्रभावित क्षेत्र वा अन्यत्र जिल्लाबाट आएका ब्यक्तिहरुको विवरण स्थानीय संकट ब्यबस्थापन केन्द्र समक्ष पेश गर्ने
- होम आइसोलसनमा रहेका ब्यक्तिहरुको विवरण र स्वास्थ्य अवस्थाबारे प्र.प्र.अ. र स्थानीय संकट ब्यबस्थापन केन्द्र समक्ष प्रतिवेदन पेश गर्ने

- कन्ट्याक्ट ट्रेसिङको आधारमा लक्षण तथा चिन्ह देखिएका ब्यक्तिहरुको पिसिआर तथा एन्टिजेन परीक्षण गर्ने गराउने

२. स्वास्थ्य उप-संयोजकको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- सम्पुर्ण दैनिक प्रशासनिक (चिठी, पत्र दर्ता, चलानी, सिफारिस, पत्राचार) कामकाज गर्नेद
- प्रतिवेदन तयार गर्न स्वास्थ्य संयोजकलाई सहयोग गर्ने

३. सूचना प्रविधि अधिकृतको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- प्रशासनिक कामकाजमा स्वास्थ्य संयोजक, तथा उपसंयोजकलाई सहयोग गर्ने
- प्रतिवेदन तयार गर्न सहयोग गर्ने
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको CIMS मा प्रतिवेदनहरु प्रत्येक दिन अपडेट गर्ने

४. अ.न.मि. को जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- संक्रमित ब्यक्तिहरुसंग पछिल्लो हप्ता दिन अगाडी देखिको कन्ट्याक्ट ट्रेसिङको काम गर्ने
- होम आइसोलेसनमा बसेका संक्रमित ब्यक्तिहरुको दैनिक स्वास्थ्य अवस्थाको रेकर्ड लिने
- उक्त रेकर्ड स्वास्थ्य संयोजक ज्यू समक्ष पेश गर्न

५. अ.हे.ब. को जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- स्वास्थ्य सामाग्रीहरुको विवरण अधावधिक गर्ने (प्राप्त भएको परिमाण, मुल्य, खर्च भएको परिमाण)
- बितरण गरिएका सामानहरुको विवरण राख्ने, भरपाई गराउने
- मौजुदा अवस्थाको बिश्लेषण गरी आबश्यक सामानहरुको विवरण स्वास्थ्य संयोजक ज्यू समक्ष पेश गर्ने
- स्वास्थ्य चौकी इन्चार्ज हरुबाट प्रत्येक दिनको तथ्यांक माग गर्ने
- उक्त रेकर्ड स्वास्थ्य संयोजक ज्यू समक्ष पेश गर्ने

६. ल्याव असिस्टेन्टको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- शंकास्पद ब्यक्तिहरुको पिसिआर तथा एन्टिजेन परीक्षण गर्ने
- परीक्षण बाट प्राप्त नतिजा संबन्धित ब्यक्ति तथा स्वास्थ्य संयोजक ज्यूलाई उपलब्ध गराउने
- परीक्षण तथा परीक्षणबाट प्राप्त नतिजाको रेकर्ड अद्यावधिक राख्ने

७. कार्यालय सहयोगीको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR)

- कन्ट्रोल रुमबाट प्रारम्भिक औषधिहरु संबन्धित वडाको स्वास्थ्य चौकी समक्ष पुर्याइदिने
- कन्ट्रोलरुमको सरसफाइ गर्ने
- चिठी पत्र दर्ता चलानी गर्ने
- चिठी पत्र संबन्धित वडा, स्वास्थ्य चौकी समक्ष पुर्याउने

- आफु भन्दा माथिको कर्मचारीले अह्राए, खटाएको काम गर्ने

**स्वास्थ्य चौकीको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) - तथ्यांक संकलन संबन्धि कार्यहरु**

- महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत प्रभावित क्षेत्रबाट तथा अन्यत्र गाउँपालिका वा जिल्ला तथा बिदेशबाट आएका ब्यक्तिहरुको प्रत्येक दिनको तथ्यांक लिने
- उक्त ब्यक्तिहरु होम आइसोलेसनमा बसे नबसेको यकिन गर्ने, बस्न लगाउने
- उक्त तथ्यांक कोभिड कन्ट्रोल रुम समक्ष पेश गर्ने
- आफ्नो क्षेत्रमा शंकास्पद लक्षण देखिएका नागरिकहरुको तथ्यांक लिने, कोभिड कन्ट्रोल रुममा खबर गर्ने
- कोभिड कन्ट्रोल रुमबाट प्राप्त औषधिहरु संक्रमित ब्यक्तिको घरसम्म पुर्याउने
- सक्रमित ब्यक्तिहरुको दैनिक स्वास्थ्य अवस्था बुझी प्रत्येक दिन कोभिड कन्ट्रोल रुम समक्ष पेश गर्ने

**महिला स्वास्थ्य स्वयंसेविकाको जिम्मेवारी, दायित्व, कार्यक्षेत्रगत शर्त (TOR) – तथ्यांक संकलन, प्रचार-प्रसार, निरिक्षण संबन्धि कार्यहरु**

- कोभिड १९ को प्रभावित क्षेत्रबाट तथा अन्यत्र गाउँपालिका वा जिल्ला तथा बिदेशबाट आएका ब्यक्तिहरुको प्रत्येक दिनको तथ्यांक लिने
- उक्त ब्यक्तिहरु होम आइसोलेसनमा बसे नबसेको यकिन गर्ने, बस्न लगाउने
- उक्त तथ्यांकहरु स्वास्थ्य चौकी इन्चार्ज ज्यू समक्ष पेश गर्ने
- कोभिड १९ बाट बच्ने उपायहरुबारे प्रचार प्रसार गर्ने
- गाउँपालिकाबाट जारी भएका सूचनाहरुको प्रचार प्रसार गर्ने
- गाउँघरमा हुने बिबाह, भोज, ब्रतबन्ध जस्ता भिडभाड हुने कृयाकलापमा सहभागी नहुने र सहभागी नहुन प्रचार प्रसार गर्ने
- स्वास्थ्य चौकी इन्चार्जले अह्राए, खटाएका अन्य काम गर्ने